मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सांस्कृतिक विविधताको सम्मान गरौं**

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

*"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

# लटारम्मेश्वर महादेव मन्दिर पर्यटकीय गन्तव्य बन्दै

## मन्दिरमा पुग्दा अलौकिक अनुभुति हुने गरेको पर्यटकको अनुभव

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरमा रहेको लटारम्मेश्वर महादेव मन्दिर वान डे ट्रेकिङ र हाइकिङका लागि उपयुक्त गन्तव्य बन्दै गएको छ । भीमफेदी गाउँपालिका-८ स्थित लटारम्मेश्वर महादेव मन्दिर धार्मिक पर्यटक एवम् हाइकिङ रुचाउने पर्यटकको रोजाइमा पर्न थालेको हो ।

समुन्द्री सतहबाट एक हजार ८ सय ५६ मिटरको उचाइमा रहेको लटारम्मेश्वर महादेव मन्दिर बाट मनोरम हिमश्रृंखला देख्न सकिन्छ । सामाजिक सञ्जालमार्फत चर्चा बटुलिरहेको लटारम्मेश्वरक्षेत्र डब्लुडाँडा नामले पनि चिनिन्छ । पौराणिक मान्यताअनुसार सतीदेवीको जटापतन भएको स्थानकारुपमा लटारम्मेश्वरलाई धार्मिक दृष्टिले अति पवित्र मानिन्छ । भीमफेदी गाउँपालिका र वागमती प्रदेश सरकारको सहयोगमा लटारम्मेश्वर क्षेत्रलाई पर्यटकीय हबको रुपमा विकास गर्न गुरुयोजना बनाइएको छ ।

बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयको सहकार्यमा खानेपानी, विश्रामस्थल र पदमार्ग स्तरोन्नति लगायत पूर्वाधार विस्तारको कार्य तीब्रगतिमा अघि बढिरहेको पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले बताए । उनले पर्यटकको सहजताका लागि पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिए ।



स्थानीयवासीका अनुसार पछिल्लो समय लटारम्मेश्वरक्षेत्रमा आन्तरिक तथा वाह्य पर्यटकको उल्लेख्य वृद्धि भएको छ । मन्दिर दर्शन गर्न आउने पयर्टकका कारण व्यापार व्यवसायमा सकारात्मक प्रभाव परेको स्थानीय विजय भोलोनले बताए ।

प्राकृतिक सुन्दरताले भरिएको यो मन्दिरमा पुग्दा अलौकिक अनुभूति हुने गरेको पर्यटक सुनिता मानन्धरको अनुभव छ । भौगोलिक अवस्थिति र धार्मिक महत्वका कारण लटारम्मेश्वरलाई पर्यटकीय हबको रुपमा विकास गरिनुपर्नेमा स्थानीयले जोड दिएका छन् । मकवानपुरको बकैया गाउँपालिका-१२ ठिंगन हुँदै खोर भन्ज्याङको बाटोबाट राटोमाटेसम्म सवारी साधनमा र त्यसपछि केही भाग सिडी र डेढ घण्टा ठाडो उकालो हुँदै मन्दिरमा पुग्न सकिन्छ । त्यस्तै भीमफेदी गाउँपालिकाको इपाबाट २ घण्टाको ठाडो उकालो पैदल हिँडेपछि पनि डब्लुडाँडाको थुम्कोमा रहेको महादेवको मन्दिरमा पुग्न सकिन्छ ।

थुम्कोमा पुगेपछि देखिने प्राकृतिक दृश्य, बाटोभरि फूलेका राताम्य लालीगुराँस र चिसो हावाले यहाँ पुग्ने पर्यटकलाई मन्त्रमुग्ध बनाउँदछ । भीमफेदी र बकैयाको थुम्कोबाट आकर्षक गणेश हिमाल देख्न सकिन्छ । डब्लुडाँडालाई छिनमै बादलले ढकमक्क ढाक्छ । छिनमै बादल फाटेर प्राकृतिक सुन्दरता देखिनु यो मन्दिरको विशेषता पनि हो । प्राकृतिक सुन्दरताले भरिएको यो मन्दिरमा पुग्दा अलौकिक अनुभूति हुन्छ । लटारम्मेश्वर महादेव मकवानपुरको बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकाको सीमनामा पर्ने एक धार्मीक पर्यटकीयस्थल हो । बकैया-१२ को ठिंगन र भीमफेदी- ८ को ईपा नजिकबाट करिब ३ घण्टा पदैलमार्फत् लटारम्मेश्वर पुग्न सकिन्छ ।

करिब २ हजार मिटर अग्लो डब्लु डाँडामा रहेको लटार म्मेश्वर हिन्दू धर्मालम्बीको आस्थाको केन्द्र हो । हिन्दु धर्मको पौराणिक कथाअनुसार महादेवको पत्नी सतिदेबीले देहत्याग गरेपछि महादेवले उनको शरिर लिएर हिड्ने क्रममा उनको जटा (टाउकोको कपाल) पतन भएको स्थानको रुपमा यो क्षेत्रलाई लिइन्छ । सतिदेबीको जटा झरेर पतन भएको पौराणीक कथाअनुसार लटारम्मेश्वर महादेब भएको बताइन्छ । बागमती प्रदेशको राजधानी हेटौंडाबाट कान्तिलोकपथ हुँदै ४० किलोमिटर उत्तरक्षेत्रको यात्रापछि बकैया गाउँपालिकाको ठिंगन पुगिन्छ । ठिंगन पुग्नुभन्दा ५०० मिटर अगाडि खोरभन्ज्याङबाटै कच्ची बाटो हुदै रातोमाटे भन्ने ठाँउसम्म दुई पाग्रे साधनमा पुग्न सकिन्छ ।

रातोमाटेबाट करिब ३ घण्टाको जंगल पैदलयात्रापश्चात लटारम्मेश्वर मन्दिर पुगिन्छ । महाभारतक्षेत्रको यो स्थानमा वर्षायाममा लेकाली जुकाले यात्रुलाई दुख दिने गरेको छ । लटारम्मेश्वरमा करिब एकसय मिटरको सिमेन्टको सिँडी बनाइएको छ ।

लटारम्मेश्वर डाँडामा गुफाभित्र मन्दिर रहेको छ । गुफा बाहिर ठूलो घण्टी र भित्र मन्दिर, केही मिटरमाथि ठूलो त्रिशुल र पूजाआजा गर्ने स्थल रहेको छ । पछिल्लो समय लटारम्मेश्वरमा मकवानपुर, चितवन, काठमाडौं, भक्तपुर र ललितपुरबाट आउनेको संख्या बढ्दै गएको छ ।

# जन्मदिनमा बोलाएर कुटपिट गरी युवकको हत्या, ४ जना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ जन्मदिन मनाउन भन्दै बोलाएर कुटपिट गरी एक युवकको हत्या गरेको आरोपमा चारजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मकवानपुर घरभइ बुढानीलकण्ठ नगरपालिका-५ टुसाल बस्ने विकास लामालो, बाराको निजगढ नगरपालिका-७ घरभएका २९ वर्षीय सुगन्ध लामा, निजगढ नगरपालिका-५ घरभएका १८ वर्षीय सौगात क्षेत्री र मकवानपुर को बकैया गाउँपालिका-२ घरभएका २३ वर्षीय निसान जिम्मा छन् । उनीहरुलाई जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पक्राउ गरेको हो ।

परिसरका एसपी तथा प्रवक्ता अपीलराज बोहराका अनुसार विकास लामालोका बहिनीको जन्मदिन बनाउन भन्दै बाराको निजगढ नगरपालिका-८ घरभएका ३२ वर्षीय कृष्ण लामालाई बुढानीलकण्ठ टुसालमा बोलाइएको थियो ।

असार ६ गतेको राति जन्मदिन मनाउन भन्दै बोलाएर कृष्णलाई उनीहरुले कुटपिट गरी हत्या गरेको पाइएको परिसरका प्रवक्ता बोहराले बताए । पक्राउ परेकाहरुविरुद्ध कर्तव्यज्यानको कसुरमा काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

जन्मदिन मनाउने क्रममा सबै जनाले मादकपदार्थ सेवन गरेको र त्यसपछि उनीहरुबीच विवाद सुरु भएको देखिएको प्रहरीले बताएको छ । विवादले उग्ररुप लिएपछि कुटपिट गर्दा कृष्णको ज्यान गएको प्रहरीको भनाइ छ । जसकारण मार्ने पूर्वयोजना भन्दा पनि एकछिनको विवादका कारण उनको ज्यान गएको देखिएको प्रहरीले बताएको छ ।

# ब्याडमिन्टन कभर्ड हलको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिका-१५ को लगानीमा हेटौंडा-१५ को भोर्लेमा निर्माण सम्पन्न भएको ब्याडमिन्टन कभर्ड हलको उद्घाटन गरिएको छ ।

स्थानीय तहमै खेलप्रवर्द्धन र शारीरिक स्वास्थ्यलाई सशक्त बनाउने उद्देश्यले निर्माण गरिएको पूर्वाधारको उद्घाटन वडाध्यक्ष सुनिल मोक्तानको प्रमुखआतिथ्यमा भएको हो ।

उद्घाटन समारोहमा अध्यक्ष मोक्तानले खेलकुदलाई वडा कार्यालयले उच्चप्राथमिकतामा राखेको उल्लेख गर्दै, आगामी दिनमा हेटौंडा-१५ का अन्य स्थानमा पनि यस्ता खेलमैत्री पूर्वाधार विस्तार गरिने जानकारी दिए । 'स्वास्थ्य र अनुशासनको जग खेलकुद नै हो,' उनले भने, 'स्थानीय युवालाई खेलतर्फ आकर्षित गर्न यस्ता संरचनाले उत्प्रेरणा दिनेछ ।'

कार्यक्रममा स्थानीय खेलाडी, युवाहरु र समुदायका प्रतिनिधिको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीले नयाँ कभर्डहलले स्थानीयस्तरमा ब्याडमिन्टन खेलको विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् । उद्घाटनसँगै कभर्ड हल सर्वसाधारणका लागि सञ्चालनमा ल्याइएको छ । अब त्यहाँ नियमित अभ्यास र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने वडाले जानकारी दिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

हाम्रो कुरा

## थाहानगरको नीति, कार्यक्रम

थाहा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पारित भएको छ । महिला, दलित, सीमान्तकृत समुदायबाट सञ्चालित व्यवसाय दर्तामा १० प्रतिशत छुट दिने नीति नगरपालिकाले लिएको छ । नगर पालिकामार्फत् सीप र प्रविधि हस्तान्तरण भई सुरुवात गरिएका लघुउद्यमलाई व्यवसाय दर्तामा सहुलियत प्रदान गर्ने नगरपालिकाको आगामी आर्थिक वर्षको नीति रहेको छ । नगरपालिकाको १८ औं अधिवेशनबाट नीति तथा कार्यक्रम पारित भएको हो । थाहानगरले अपाङ्गता भएका र एकलमहिलाले सञ्चालन गर्ने व्यवसाय दर्तामा २० प्रतिशत छुट दिने भएको छ । नगरप्रमुख विष्णुबहादुर विष्टले नगरसभामा पेश गरेको नीति तथा कार्यक्रमले थाहानगरलाई उत्पादनमूलक कार्यसँग जोड्ने प्रयास गरेका छन् । नगरपालिकालाई क्षयरोगमुक्त पालिका घोषणाका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिने पालिकाको नीति रहेको छ । क्षयरोगमुक्त घोषणा अभियानका लागि आवश्यक पर्ने जनशक्ति स्थानीय तहले क्रमशः व्यवस्थापन गर्ने नीतिमा उल्लेख गरिएको छ ।

निःशुल्क आधारभूत स्वास्थ्यसेवामा आमनगरबासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न अत्यावश्यकीय औषधि तथा उपकरणको अभाव हुन नदिने, नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न दीर्घरोगीलाई घरघरमा औषधि पुर्‍याउने तथा स्वास्थ्यपरीक्षणको व्यवस्था गर्ने नगरको नीतिमा समेटिएको छ । नगरपालिकाले कक्षा १ देखि ५ मा कम विद्यार्थी भएका विद्यालयमा मल्टी ग्रेड मल्टी लेभलका कार्यक्रम सञ्चालन गर्ने भएको छ । प्रधानाध्यापकको आवधिक मूल्याङ्कन गर्ने र प्रधानाध्यापकसँग शिक्षकको करारसम्झौता गरी सिकाई उपलब्धी अभिवृद्धि गर्ने, आर्थिक वर्ष २०८२/८३ देखि आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा निःशुल्क गर्नको लागि विद्यालयस्तरको आवधिक, वार्षिक परीक्षा सञ्चालन र व्यवस्थापन नगरपालिकाबाट सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्थामा निरन्तरता दिइने छ । आन्तरिक रोजगारी प्रवर्द्धनको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । सुरक्षित आप्रवासन कार्यक्रम सामी, लघुउद्यम विकास कार्यक्रम, नगरका विभिन्न विषयगत शाखाबाट रोजगारी सिर्जनाको लागि टेवा पुग्ने कार्यक्रम तथा नगर पालिकाभित्र विभिन्न गैरसरकारी संस्थाबाट सञ्चालन गरिने श्रम तथा रोजगारमूलक कार्यक्रमलाई नगरपालिकाको रोजगार सेवाकेन्द्रको संयोजन र समन्वयमा सञ्चालन गरिने छ । रोजगार सेवा केन्द्रलाई श्रम तथा रोजगार शाखाको रुपमा विस्तार गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको छ । वैदेशिक रोजगारीमा गएका कामदार र तिनका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने सेवा सुविधाका लागि नगरको रोजगार सेवा केन्द्रबाट हुँदै आएको सहजीकरण सेवालाई निरन्तरता दिने पालिकाको नीति रहेको छ । सांस्कृतिक, प्राकृतिक, चलचित्र र आरोग्यमा आधारित पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने भएको छ । थाहा नगरलाई योग ध्यान पर्यटनक्षेत्रको रुपमा विकास गर्न कार्यक्रम सञ्चालन गर्ने पालिकाको नीति रहेको छ ।

पर्यटकीयक्षेत्रका अधुरा संरचनाको निर्माण सम्पन्न गर्ने, पर्यटन सूचना केन्द्रको स्थापना र नक्सा सहितको प्रचारात्मक बोर्डहरु राख्ने, पर्यटकीय पूर्वाधार निर्माण गर्दा मौलिक र नवप्रवर्तनलाई प्रोत्साहित गर्ने, हरेक होटल एक रैथाने परिकार कार्यक्रमलाई प्रवर्द्धन गर्ने नगरको नीतिमा उल्लेख गरिएको छ । होटल, रिसोर्ट तथा होमस्टे व्यवसायलाई प्रवर्द्धन तथा नियमन गर्ने, पर्यटकीयक्षेत्र तथा पार्कहरुको पर्यटन प्रवर्द्धनका लागि निजीक्षेत्रसँग सहकार्य गर्ने, भैंसे-सीमभञ्ज्याङ केबलकार सञ्चालनको लागि निजीक्षेत्रसँग सहकार्य गर्ने थाहा नगरपालिकाको नीति छ । नीति तथा कार्यक्रममा दुहुना गाई भैंसी र बाख्रा पकेटक्षेत्रको सम्भाव्यता अध्ययन गर्ने उल्लेख गर्दै दुहुना गाई भैंसी पाडापाडी खरिदमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरिएको छ । आगामी २ वर्षभित्र नगरलाई दुधमा आत्मनिर्भर बनाउने नीति नगरपालिकाको छ । मत्स्यपालन प्रवर्द्धनको लागि सार्वजनिक खोला तथा निजी जग्गामा मत्स्यपालन गर्ने कृषकलाई भुरा माछा खरिदका लागि अनुदानको व्यवस्था गर्ने, प्रत्येक वडा कार्यालयमा माइक्रोस्कोपको व्यवस्था गरी गोबर परीक्षणको कार्य सञ्चालनमा ल्याउने पालिकाको नीति छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १० गते मंगलबार २४ जुन २०२५ । चतुर्दशी, असाढ कृष्णपक्ष । तछ्लागा ११४५ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : श्रम खेर जानेछ | तुला | : काममा सहयोग मिल्नेछ |
| वृष | : पढाइमा प्रगति हुनेछ | वृश्चिक | : अनावश्यक खर्च हुनेछ |
| मिथुन | : उत्साहमा कमी आउनेछ | धनु | : चिताएको काम बन्नेछ |
| कर्कट | : आफन्तबाट धोका हुनेछ | मकर | : नसोचेको फाइदा पाइनेछ |
| सिंह | : प्रतिष्ठित काम पाइनेछ | कुम्भ | : चुनौतीहरु बढ्नेछन् |
| कन्या | : सामाजिक दायित्व बढ्नेछ | मीन | : आम्दानी घट्नेछ |

# वैकल्पिक वित्तीय उपकरण परिचालन : खोइ सरकारको ध्यान ?



कृष्णप्रसाद सापकोटा

नेपालले योजनाबद्ध विकासको करिब सात दशक लामो प्रयासबाट आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा महत्त्वपूर्ण उपलब्धि हासील गरेको छ । २०१३ सालमा योजनाबद्ध विकासका लागि राष्ट्रिय योजना आयोग गठन गरी पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मार्फत योजनाबद्ध विकास निर्माणमा पाइला अगाडि बढाएको नेपालको विकास इतिहास अत्यन्त छोटो छ । २०१३ सालभन्दा अगाडि विकास भनेको राजारजौटा भाइभारदारको दरबार एवं सेवा सुविधा निर्माणमा लगानी भएको थियो । २०१७ देखि २०४६ सालसम्म मुलुकमा कायम रहेको पञ्चायती व्यवस्थामा दोस्रोदेखि सातौं योजनासम्म कार्यान्वयन भएको थियो । नेपालको पहिलो पञ्चवर्षीय योजनाले २०१३ सालमा ३३ करोड लगानी गर्ने लक्ष्य लिएकोमा सातौं योजनाको लगानी लक्ष्य २९ अर्ब थियो ।

२०४६ सालसम्म विकास निर्माण आन्तरिक स्रोत एवं वैदेशिक अनुदान सहयोगमा निर्भर भई आन्तरिक तथा वाह्य ऋण ७० अर्ब हाराहारी प्रयोग भएको थियो । प्रथमदेखि सातौं योजनासम्मले आर्थिक विकासका लागि कृषि, सडक, बिजुली, खानेपानी, स्वास्थ्य, औद्योगिक विकास, यातायात व्यवस्थापन, शिक्षा, सिँचाइ सम्बन्धी आधारभूत विकास निर्माण र रोजगारी प्रवर्द्धन प्राथमिकतामा राखेर विकास निर्माणका काम अगाडि बढाइएको थियो । २०४६ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापना भएपछि बनेको आठौं पञ्चवर्षीय योजना मार्फत नेपालमा अर्थतन्त्रको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गरी शिक्षा, स्वास्थ्य, जलविद्युत्, यातायात तथा बैंकिङ क्षेत्रमा ठूलो मात्रामा निजी क्षेत्रको लगानी वृद्धि भई आजको दिनको अर्थतन्त्रमा आइपुगेको छ ।

निजी क्षेत्रबाट व्यापार-व्यवसायमा यथेष्ठ लगानी भए पनि पूर्वाधार विकास निर्माणमा सरकारले आन्तरिक र वैदेशिक ऋण उपयोग गरी ठूला पूर्वाधार सिँचाइ, जलविद्युत्, सडक, पुल, भवन, विमानस्थल निर्माणजस्ता ठूला पूर्वाधार र आधारभूत सामाजिक पूर्वाधारमा लगानी गर्दै आइरहेको छ । आठौं योजनाबाट १६औं योजनासम्म आइपुग्दा १६औं योजना अवधिमा ९४ खर्ब लगानी हुने लक्ष्य रहेकोमा सार्वजनिक क्षेत्रको लगानी ३०.२ प्रतिशत, निजी क्षेत्रको ६७.२ र सहकारी क्षेत्रबाट २.६ प्रतिशत लगानी हुने अपेक्षा छ ।

विश्वका विकसित देशहरूले योजनाबद्ध विकासका लागि वित्तीय उपकरणहरूको प्रयोग १८औं शताब्दी सुरुवातदेखि नै गरी आजको दिनमा आइपुगेको इतिहास छ । युरोप, अमेरिका, बेलायतमा हामीले आजका दिनमा नेपालमा देखिने पूर्वाधार विकास निर्माण कार्य १९औं शताब्दीमै सम्पन्न गरेका थिए । सन् १८५० देखि पहिलो विश्वयुद्धसम्म योजनाबद्ध सहरी विकासका आधारमा पेरिस, लन्डन र बर्लिनजस्ता सहर निर्माण भएका थिए । ती सहरले सहरी विकासका लागि खानेपानी, ढल व्यववस्थापन, विद्युतीय तार र सडकको एककृत रूपमा ठुल्ठूला आयोजना सन् १८०० को अन्त्यसम्ममा सम्पन्न गरेका थिए ।

पूर्वाधार विकासका लागि प्रयोग हुने वित्तीय उपकरण अन्तर्गत सार्वजनिक-निजी साझेदारी, ऋण, अनुदान मिश्रित ऋण लगानी, आयोजना ऋणपत्र, विकास ऋणपत्र, ऋण एवं स्वपूँजी परिचालन, सामुदायिक लगानी, सम्पत्ति, सम्पत्ति मौद्रीकरण भ्यालु क्याप्तचर फाइनान्सिङ (भीसीएफ), इम्प्याक्ट फी र पूँजीबजार प्रयोग सहित देशभित्र एवं विदेशमा रहेका पूर्वाधार लगानी सम्बन्धी सम्पूर्ण कोष परिचालन पर्दछ ।

जापान, दक्षिण कोरिया, सिंगापुर, मलेसिया, भारत र चीनजस्ता राष्ट्रले पूर्वाधार विकासका लागि सम्पूर्ण वित्तीय स्रोत परिचालन मार्फत ७५ वर्षमा हासिल गरेको अभूतपूर्व विकास पनि लोभलाग्दो छ । सन् १९८० पछि विश्वका अधिकांश देशले विकास निर्माणका लागि आधुनिक वैकल्पिक वित्तीय उपकरण प्रयोग मार्फत द्रुत गतिमा सुरुङमार्ग, राजमार्ग, स्मार्ट सिटी र डिजिटल पूर्वाधार लगायत आधुनिक पूर्वाधार निर्माणमा केन्द्रिकृत भएको देखिन्छ ।

१६औं योजनाको दोस्रो वर्षमा आइपुग्दा र नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को १९ खर्ब ६४ अर्ब हाराहारीको बजेट प्रस्तुत गर्दै गर्दा आन्तरिक राजस्वबाट १३ खर्ब १५ अर्ब स्रोत व्यवस्थापन हुने र बाँकी वैदेशिक ऋण तथा अनुदान र आन्तरिक ऋणबाट व्यवस्थापन गर्नुपर्ने बाध्यतामा सरकार पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०८२ वैशाख अन्तिमसम्मको प्रतिवेदन आधार मानेर हेर्दा ऋण २६ खर्ब २२ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४२.९४ प्रतिशत हो । त्यसमध्ये वाह्य ऋण १३ खर्ब ५५ अर्ब अर्थात् ५१.७० प्रतिशत र आन्तरिक ऋण १२ खर्ब ६६ अर्ब अर्थात् ४८.३० प्रतिशत पुगेको छ ।

विगत ३५ वर्षमा पूर्वाधार क्षेत्रमा बैंक तथा वित्तीय क्षेत्रबाट गरिएको लगानी, नेपाल लगानी बोर्डले पछिल्लो १२ वर्षमा भित्र्याइएको वैदेशिक लगानी, वाणिज्य बैंकहरूले औद्योगिक, ऊर्जा एवं पर्यटन पूर्वाधारमा गरेको लगानी, नगर विकास कोषले नगरका पूर्वाधार निर्माणमा गरेको ऋण लगानी, नेपाल पूर्वाधार विकास बैंकले गरेको लगानी र जलविद्युत् विकास तथा लगानी कम्पनीले जलविद्युत् क्षेत्रमा गरेको लगानीबाट शिक्षा लिँदै वैकल्पिक वित्तीय उपकरण थप व्यवस्थित परिचालन गरी विकास निर्माणमा आन्तरिक एवं वाह्य ऋण भार कम गरी 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय अभिभारा अगाडि बढाउनु आजको आवश्यकता हो ।

पूर्वाधार लगानी क्षेत्रमा काम गर्ने नगर विकास कोषले अनुदान मिश्रित ऋण लगानी तथा प्राविधिक सहयोग परिचालन गर्दै नेपालभरि १ सय २० वटा खानेपानी संस्थामा र १ सय हाराहारी स्थानीय सरकारमा गरेको लगानी मार्फत खानेपानीको दिगो सञ्चालन व्यवस्थापन एवं सहरी पूर्वाधार विकासमा अर्बौं रुपैयाँ परिचालन गरिसकेको छ । २०७२ सालमा संविधान घोषणापछि बनेका हरेक सरकारले हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा कोषको पुनर्संरचना विषय उल्लेख गरे पनि तार्किक निष्कर्षमा पुग्न नसक्दा संस्थाले वित्तीय उपकरण परिचालनमा सशक्त भूमिका खेल्न पुनर्संरचना पर्खेर बसेको एक दशक बितेको छ । स्थानीय सरकारमा गरिने लगानी वृद्धि गर्ने संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र वित्तीय कोषहरूको सेयर स्वामित्व हुने गरी कोषको कानुनी र संस्थागत पुनर्संरचना गर्न सके कोषले वित्तीय उपकरण परिचालनमा ठूलो योगदान गर्न सक्छ ।

उक्त आवश्यकता हेरेर उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले देशमा पूर्वाधार निर्माणमा आन्तरिक एवं वैदेशिक लगानी अभिवृद्धि गर्न लगानी ऐनसम्बन्धी कानुन संशोधन गर्नु, वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी विधेयक संघीय संसद्मा दर्ता गराइ सरकारको नीति तथा कार्यक्रम मार्फत जारी अधिवेशनबाट कानुन निर्माण गरी वैकल्पिक विकास वित्त कोष सञ्चालनमा ल्याउने गरी अगाडि बढ्नु, सरकारको २०८२/८३ को बजेट वक्तव्य नगर विकासको लगानी क्षमता वृद्धि गर्न पुनर्संरचना गर्ने विषय उल्लेख हुनु र ५ खर्ब बराबरका आयोजना (केबुलकार, रासायनिक मल, पर्यटन पूर्वाधार, डिजिटल पूर्वाधार) लगानी बोर्ड नेपालको समन्वय तथा सहजीकरणमा कार्यन्वयनमा जाने विषय उल्लेख हुनुले आव २०८२/८३ वैकल्पिक विकासका वित्तीय उपकरण परिचालनमा कोशेढुंगा सावित हुने अपेक्षा गर्न सकिन्छ ।

अतः नेपाल राष्ट्र बैंकले नेपालका वाणिज्य बैंकहरूमा देखिएको तरलता र पूर्वाधार निर्माणमा देखिएको पूँजी खाडल परिपूर्ति गर्न नीतिगत रूपमा आयोजना लगानी (प्रोजेक्ट फाइनान्स) अवधारणामा भौतिक पूर्वाधार, सहरी पूर्वाधार, कृषि पूर्वाधार, डिजिटल पूर्वाधार लगायत क्षेत्रमा लगानी वृद्धि हुने गरी नीतिगत रूपमा दिशानिर्देश गर्न सके लगानीका वित्तीय उपकरण परिचालन गर्ने लगानीमैत्री वातावरण सिर्जना हुनेछ । नेपाल सरकारले पूर्वाधार लगानी सम्बन्धी सम्पूर्ण विशिष्ट संस्थाहरूको पूर्वाधार लगानी क्षमता, जनशक्ति अभिवृद्धि, लगानी एवं असुली सम्बन्धी विशेष कर्मचारी व्यवस्थापन गरी संस्थागत सुशासन कायम गर्दै अगाडि बढाउन सके वैकल्पिक विकास वित्त कोष लगायत कोष र पूर्वाधार लगानी सम्बन्धी संस्थाबीचको आपसी सहकार्य एवं सहलगानीमा विकास वित्त परिचालन भई समृद्ध नेपाल निर्माणमा अग्रणी भूमिका निर्वाह गर्नेछन् । ती संस्थाबीचको सम्बन्ध एकअर्काका लागि परिपूरक भई वैकल्पिक विकास वित्त परिचालनले अग्रगामी बाटो लिने छ ।

*(साभार: अनलाइनखबर)*

# समाज, संस्कृति र द्वन्द्व

डा. अमर गिरी

सांस्कृतिक विविधता भएको मुलुकमा समुदाय बिचको एकता, सद्भाव र सहिष्णुतालाई कसरी जीवित राख्ने र समृद्ध गर्ने भन्ने विषयलाई गम्भीरतापूर्वक लिइन्छ । सांस्कृतिक अनेकता र द्वन्द्व बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकमा बेलाबखत देखापर्छन् । जाति, भाषा र धर्मका कारण द्वन्द्वको सिकार भएका मुलुक संसारमा निकै छन् । यस्ता द्वन्द्व जटिल र बहुआयामिक हुन्छन् । यिनले समाजलाई लामो समयसम्म विभाजित गर्छन् । यिनका कारण मुलुक टुक्रिन्छन् । बंगलादेश भाषाका कारण पाकिस्तानबाट अलग भएको थियो । यसका निम्ति बंगलादेशीहरूले ठुलो संघर्ष गरेका थिए । युगोस्लाभिया विघटनको कारण जातीय समस्या थियो । बहुसांस्कृतिक, बहुजातीय मुलुक युगोस्लाभियामा एकता, सद्भाव र सहिष्णुताको कमी थियो । जातीय समुदायमा राज्यप्रति अविश्वास थियो । विभिन्न जातीय समुदायले आफूलाई ठगिएको अनुभव गर्थे । यसले द्वन्द्वलाई जन्म दियो । अन्ततः युगोस्लाभिया नै रहेन ।

जाति, भाषा र धर्मका कारण संसारमा ठुलाठुला द्वन्द्व भएकाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकमा द्वन्द्व नहुन् भन्नेतिर विशेष ध्यान दिइन्छ । द्वन्द्वका आर्थिक, राजनीतिक, जातीय, भाषिक, धार्मिक एवं सांस्कृतिक कारणलाई केलाइन्छ । सम्बोधन गर्नुपर्ने समस्यालाई समयमै सम्बोधन गरिन्छ । समस्याको समाधान नगरी द्वन्द्वबाट समाजलाई जोगाउन सकिँदैन । नेपाल पनि बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । धेरैथोरै समस्या यहाँ पनि छन् । यहाँ पनि बेलाबखत विभेद र उत्पीडनको विरोधमा संघर्ष भएका छन् । समुदाय बिचको सम्बन्धमा तिक्तता आएको छ । सानातिना साम्प्रदायिक द्वन्द्व भएका छन् ।

सांस्कृतिक पहिचानको दायरा फराकिलो छ । यसभित्र जाति, भाषा, धर्म पनि पर्छन् । धर्मको आफ्नो प्रकृति छ तर यसको साइनो संस्कृतिसँग पनि छ । धर्मले मूल्य र विधिका तहमा संस्कृतिलाई प्रभावित गर्छ । भाषा र जाति मूलतः सांस्कृतिक निर्मिति हुन् । संस्कृतिमा यिनको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालले नेपाली समाजको एकता, सद्भाव र सहिष्णुतालाई जीवित राख्न र समृद्ध गर्न संस्कृतिका कारण देखिने द्वन्द्वलाई मसिनोसँग केलाउनुपर्छ र त्यसलाई अन्त्य गर्नेतिर लाग्नुपर्छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकमा हुने यीसँग सम्बन्धित द्वन्द्वमा विभेद सबैभन्दा ठुलो कारकका रूपमा रहेको छ । यसपछि अन्य कारण आउँछन् ।

प्राचीन समयदेखि नै नेपालमा विभिन्न मानव समुदायको बसोबास रहँदै आएको छ । जनकलाल शर्मा नेपालको संस्कृतिमा नेग्रिटो, आग्नेय, मंगोल-किरात, द्रविड, पश्चिमी वृत्तमुण्ड र आर्य वा नार्डिक समुदायको प्रभाव देख्छन् । अहिले यो भूमिमा खसआर्य, मंगोल, द्रविड लगायत मानव समुदायको बसोबास छ । यिनै समुदायभित्र एक सय ४२ जाति र एक सय २४ भाषा छन् । जाति र भाषाको संख्या अर्को जनगणनामा बढ्न सक्छ । कतिपय भाषा वैज्ञानिक नेपालमा एक सय २४ भन्दा बढी भाषा भएको उल्लेख गर्छन् । नेपालमा बोलिने भाषा भारोपेली, भोटबर्मेली, आग्नेय र द्रविड परिवारसँग सम्बन्धित छन् । कुसुन्डा भाषा कुन परिवारभित्र पर्छ भन्ने यकिन हुन सकेको छैन । ८३.०३ प्रतिशतले भारोपेली परिवारका भाषा बोल्छन् । ४४ प्रतिशतभन्दा बढीले मातृभाषाका रूपमा नेपाली भाषा बोल्छन् । नेपाली माध्यम भाषा र संघीय सरकारको सरकारी कामकाजको एक मात्र भाषाका रूपमा छ । मैथिली, भोजपुरी, थारू, तामाङ, बज्जिका, अवधि, नेपाल भाषा, मगरढुट भाषा बोल्नेहरू क्रमशः ११.०५, ६.२४, ५.८८, ४.८८, ३.८९, २.९६, २.९६ र २.७८ प्रतिशत छन् । अन्य भाषा बोल्नेको संख्या कम छ । कुसुन्डा भाषा २३ जनाले मात्र बोल्छन् । एक हजारभन्दा कम वक्ता संख्या भएका मृतप्रायः भाषा २३ छन् । एक हजारदेखि १० हजारसम्म वक्ता भएका मरणोन्मुख भाषाको संख्या ४४ छ ।

नेपाल बहुधार्मिक देश हो । यहाँ ८१ प्रतिशतभन्दा बढी हिन्दु छन् । बौद्ध धर्म मान्ने ८.२१ र मुस्लिम धर्म मान्ने ५.०९ प्रतिशत छन् । किरात धर्म मान्ने ३.१७ र क्रिस्चियन धर्म मान्ने १.७६ प्रतिशत छन् । प्रकृति, बोन, जैन, बहाई एवं शिख धर्म मान्नेको संख्या निकै कम छ । खसआर्य समुदायका मानिसको संख्या अन्यभन्दा धेरै छ । खसआर्यपछि बढी जनसंख्या भएको समुदाय मंगोल हो । यस समुदायलाई आदिवासी जनजातिका रूपमा पनि उल्लेख गरिन्छ । नेपाली समुदायलाई खसआर्य, आदिवासी जनजाति, मधेसी, दलित, धार्मिक अल्पसंख्यक भनेर पनि कतिले विभाजन गरेका छन् । दलित सामाजिक श्रेणी क्रममा सबैभन्दा तल पर्छन् । सदियौँदेखि उनीहरू चरम आर्थिक, राजनीतिक, जातीय, धार्मिक एवं सांस्कृतिक उत्पीडनको सिकार छन् । नेपाली समाजको ढाँचा पितृसत्तात्मक छ । महिलाहरू यस संरचनाको सिकार छन् । जातीय विभेद 'छुत' र 'अछुत'का रूपमा मात्र छैन, अन्य जातीय श्रेणी क्रममा पनि ठुलो र सानोको भेद छ । आदिवासी, जनजाति, मधेसी र दलितसँग आफूलाई किनारामा पारिएको पीडा छ । अहिलेको हाम्रो सामान्य सांस्कृतिक परिदृश्य यही हो ।

भिन्नभिन्न संस्कृतिले इतिहासदेखि एकअर्काबाट विभिन्न कुरा ग्रहण गर्दै आएका छन् । निग्रेटो, आस्ट्रिक, द्रविड, मंगोल र आर्यहरूले इतिहासमा एकअर्काबाट विभिन्न कुरा ग्रहण गरेका थिए । संस्कृतिको विकास प्रक्रियामा यसलाई स्वाभाविक मानिन्छ । नेपालका भिन्नभिन्न संस्कृतिमा पनि एकअर्को समुदायको संस्कृतिको प्रभाव पाइन्छ । मौलिकताभित्र बाहिरबाट आएका संस्कृतिका अंश पनि हुन्छन् । सांस्कृतिक भिन्नता समुदायको पहिचान हुने भएकाले यसलाई संवेदनशील र गम्भीर मानिन्छ । संस्कृतिभित्र कैयौं साझा कुरा हुन्छन् । यिनले भिन्नभिन्न समुदायलाई परस्पर जोड्न, सद्भाव र सहिष्णुताको विकास गर्न योगदान दिन्छन् । साझा भूगोल, इतिहास, आर्थिक, राजनीतिक विषयले पनि उनीहरूलाई आपसमा जोड्छन् । आपसमा जोड्न संस्कृतिमा पाइने साझा तत्त्वको भूमिका सबैभन्दा धेरै हुन्छ । राल्फ लिन्टन यसलाई 'सांस्कृतिक सार्वभौम'का रूपमा उल्लेख गर्छन् । दया, माया, करुणा, इमानदारी आदि यसभित्र पर्छन् । एउटा मुलुकभित्र विभिन्न समुदाय मिलेर बस्नुका पछि सामूहिक हितले मात्र भूमिका सम्पादन गर्दैन संस्कृतिमा अन्तर्निहित एकता, सद्भाव र सहिष्णुताका सूत्रहरूले पनि काम गर्छन् ।

भिन्नभिन्न सांस्कृतिक समुदायका बिचमा एकता, सद्भाव र सहिष्णुता कायम गर्ने कुरामा केही कुराले व्यवधान उत्पन्न गर्छन् । यसमा राज्य पहिलो पंक्तिमा पर्छ । मुलुकमा रहेका सबै जाति, भाषा, धर्म र संस्कृतिप्रति राज्यको समान दृष्टिकोण र व्यवहार हुनुपर्छ । राज्यले कसैलाई काखा र कसैलाई पाखा गर्नुहुँदैन । राज्य आफैँ विभेद र उत्पीडनको उपकरणमा बदलिनु हुँदैन । 'राज्य उपकरण'हरूको प्रयोग त्यसअनुरूप गरिनु हुँदैन । राज्यका नीति, ऐन-कानुन र व्यवहार समानता, सामाजिक न्याय, मानवीय गरिमा र आत्मसम्मानमा आधारित हुनुपर्छ । राज्य स्वयं विभेदका पक्षमा उभिएका दृष्टान्त संसारभरि छन् । आज पनि यो स्थिति विद्यमान छ । संसारका विभिन्न मुलुकका लोकतान्त्रिक दृष्टिले राम्रा मानिएका संविधानका व्यवस्था पनि व्यवहारमा कार्यान्वयन भएका छैनन् । जातीय, भाषिक, धार्मिक, सांस्कृतिक अल्पसंख्यकहरू विभेदको सिकार भएका छन् । त्यसका विरुद्ध संघर्ष पनि हुँदै छन् । नेपाल पनि यसको अपवाद छैन ।

नेपालको इतिहासतिर फर्कियो भने सांस्कृतिक विभेद र उत्पीडनको डरलाग्दो तस्बिर हाम्रो आँखामा आउँछ । एक खास जाति, भाषा, धर्म र संस्कृतिलाई महत्त्व दिइयो । जात व्यवस्थालाई कानुनी संरक्षण प्रदान गरियो । जयस्थिति मल्लले बाँधेको जात व्यवस्था जंगबहादुरसम्म आउँदा अझ कठोर बन्यो । पञ्चायतको अँध्यारो कालखण्डमा 'एक भाषा एक भेष'को नीतिलाई अघि बढाइयो । 'सांस्कृतिक राष्ट्रवाद'लाई बलियो बनाउने प्रयास भए । यसका कारण अन्य भाषा, जाति, धर्म किनारमा धकेलिए । विभेद र उत्पीडनको सिकार भए । पीताम्बर शर्माले समकालीन नेपालको इतिहास जातीय, धार्मिक, भाषिक विविधता भएको मुलुकमा सामन्ती राजतन्त्रात्मक, असमावेशी, एकात्मक हिन्दु राज्य निर्माणको इतिहास हो भनेर उपयुक्त मूल्यांकन गरेका छन् । पञ्चायतको समयलाई 'सांस्कृतिक सम्मिलन'को प्रक्रिया अघि बढाइएको अँध्यारो कालखण्डका रूपमा लिइन्छ । सांस्कृतिक सम्मिलन बाध्यात्मक र ऐच्छिक हुन्छ । राज्यले यसलाई बाध्यात्मक बनाउँछ ।

पञ्चायत र त्योभन्दा पहिलेको राज्यद्वारा गरिएको हिन्दुकरणको प्रयास सांस्कृतिक सम्मिलनको बाध्यात्मक रूप हो । ऐच्छिक रूप वर्चस्वकारी संस्कृतिप्रतिको आकर्षणबाट जन्मन्छ । यसबाट आफ्नो संस्कृति छाड्दै, बिर्संदै जाने र अर्काको संस्कृति ग्रहण गर्ने स्थिति उत्पन्न हुन्छ । जोयल स्प्रिङ यसलाई 'निसंस्कृतिकरण' भन्छन् । 'निसंस्कृतिकरण' बाध्यात्मक पनि हुन्छ । उच्च जातिको संस्कृति अपनाउँदा प्रतिष्ठित भइन्छ भन्ने सोचाइ जात व्यवस्थाको तल्लो श्रेणीमा रहनेहरूमा हुन्छ । भारतीय समाजमा दलितहरूमा उच्च जातिको संस्कृतिप्रति देखिएको आकर्षणलाई भारतीय समाजशास्त्री एम.एन. श्रीनिवासले 'संस्कृतीकरण' भनेका छन् । सन् १९५० को दशकतिर उनले यस शब्दको प्रयोग गरेका थिए । यस्तो मानसिकता वा आकर्षणको निर्माणमा राज्य एवं सामाजिक संरचनाको भूमिका पनि रहन्छ । नेपाल पनि यसबाट मुक्त छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि बनेको नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रका रूपमा नेपाललाई उल्लेख गरेको छ । धर्मनिरपेक्षतालाई अंगीकार गरिएको छ । नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा मानिएको छ । कुनै पनि व्यक्तिलाई उसको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गर्न पाइनेछैन भनिएको छ । धर्म, संस्कृति, संस्कार, प्रथा, प्रचलन, परम्परा वा अन्य आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव, सहिष्णुता, ऐक्यबद्धता कायम गर्दै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने, सांस्कृतिक विविधतालाई कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र, सम्पदाको संरक्षण र संवर्द्धन गर्ने प्रावधान पनि संविधानमा छ ।

*(साभार: रातोपाटी)*

# प्रवासी नेपाली कामदारमा मंकीपक्स, असुरक्षित यौन सम्बन्धले बढायो जोखिम



काठमाडौं/रोजगारीका लागि साउदी अरब गएका ३७ वर्षीय एक युवामा गत बिहीबार मंकीपक्स संक्रमण पुष्टि भयो । ती युवा १० दिनअघि मात्रै नेपाल फर्किएका थिए । बूढानीलकण्ठमा अस्थायी रूपमा बसेका ती व्यक्तिमा नेपाल फर्किएको भोलिपल्टै गुप्ताङ्ग, पेट, टाउकोमा र हातमा स-साना बिबिरा देखा परेको थियो ।

ज्वरो आउनुका साथै शरीर भारी भएपछि उनले नजिकैको प्राइभेट क्लिनिकमा देखाए । तर साउदी अरबबाट आएको भनेपछि चिकित्सकले शंका गर्दै टेकु अस्पताल रेफर गरे । नमुना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा परीक्षण गरिएपछि बिहीबार मंकीपक्स पुष्टि भयो । उनी साउदी अरबमा मजदुरी गर्थे । उपचारमा संलग्न चिकित्सकका अनुसार तीन-चार महिना अगाडि ती व्यक्तिले असुरक्षित यौनसम्पर्क गरेका थिए ।

चिकित्सक भन्छन्- केही हप्ताअघि मात्रै पनि ती संक्रमित व्यक्तिका साथीले असुरक्षित यौनसम्पर्क गरेका रहेछन् । कोठामा सँगै बस्दा थुकको छिटा र खुला छालाबाट सरेको हो कि भन्ने आशंका छ । 'केही हप्ताअघि मात्रै पनि ती संक्रमित व्यक्तिका साथीले असुरक्षित यौनसम्पर्क गरेका रहेछन्,' चिकित्सकले संचारकर्मीसँग भने, 'कोठामा सँगै बस्दा थुकको छिटा र खुला छालाबाट सरेको हो कि भन्ने आशंका छ ।' संक्रमित युवा अहिले टेकु अस्पतालको आइसोलेसनमा उपचाररत छन् ।

'अहिले उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख छ । केही दिनमा डिस्चार्ज हुनुहुन्छ,' ती चिकित्सकले भने । यो नेपालमा मंकीपक्स पुष्टि भएको यो चौथो केस हो । जसमध्ये ३ जना प्रवासी नेपाली नै कामदार छन् । सन् २०२३ मा नेपालमा पहिलो पटक ६० वर्षकी महिलामा मंकीपक्स पुष्टि भएको थियो । गत पुसमा पनि ३६ वर्षीय युवा गुप्ताङ्ग नजिकै स-साना बिमिरा देखिएपछि साउदी अरबबाट नेपाल फर्किएका थिए । विमानस्थलबाट सिधै निजी अस्पताल पुगेका ती युवालाई मंकीपक्सको शंका गर्दै चिकित्सकले टेकु अस्पतालमा रेफर गरे । थप परीक्षणपछि मंकीपक्स पुष्टि भयो ।

'असुरक्षित यौन सम्पर्क गरेको केही दिनमै गुप्ताङ्ग नजिकै स-साना बिमिरा आएको बताएका थिए,' टेकु अस्पतालका चिकित्सक भन्छन्, 'ती व्यक्तिमा संक्रमण हुनुमा असुरक्षित यौनसम्पर्क नै थियो ।' शरीरमा बिबिरा देखिन थालेपछि सुरुमा ज्यान तातेको र ज्वरो बढेको ती युवाले चिकित्सकलाई सुनाएका थिए । शरीरका विभिन्न ठाउँमा बिबिरा बढ्दै गएपछि उनले साउदीमै चिकित्सकलाई देखाए । शरीर तात्तिँदै गएपछि उपचारका लागि नेपाल नै सहज हुने ठानेर कम्पनीमा कुराकानी गरेर फर्किएका थिए ।

**आउट ब्रेकको संकेत**

उपचारमा संलग्न चिकित्सकका अनुसार संक्रमण सर्नुको कारणमध्ये असुरक्षित यौनसम्पर्क एक हो । 'सबै केस सुन्दा संक्रमित व्यक्ति असुरक्षित यौन सम्पर्कका लागि जाने गरेको देखियो,' ती चिकित्सक भन्छन्, 'साथीभाइ पनि जाने गरेको संक्रमित व्यक्तिले बताएका छन् ।'

३७ वर्षीय ती युवकले आफू काम गर्ने कम्पनीमा ८० प्रतिशत नेपाली भएको बताएका छन् । 'लेबर काम गर्ने व्यक्ति बेला-बेलामा यौनसम्पर्क लागि जाने गरेको देखियो,' ती चिकित्सक भन्छन्, 'जोखिमयुक्त क्षेत्रमा यौनसम्पर्क गर्दा संक्रमण सरेको देखिन्छ ।' सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन साउदी अरेबियालगायत मध्यपूर्वी देशमा मंकीपक्सको बढ्दो संक्रमणले नेपाली समुदायलाई गम्भीर जोखिममा पारेको बताउँछन् ।

नेपालीका लागि मध्यपूर्वका देशहरू रोजगारीको प्रमुख गन्तव्य हुन् । दैनिक सयौं व्यक्ति साउदी अरब, यूएई, कतार जस्ता देशमा गइरहेका छन् । ती देशबाट फर्किने पनि उत्तिकै हुन्छन् । मानिसको ठूलो आवत-जावतबाट एक देशमा देखिएको र फैलिएको संक्रमण अर्को देशमा पुग्न सक्ने सम्भावना उत्तिकै रहन्छ । रोजगारीको सिलसिलामा पुगेकाहरुको भेटघाट पनि बाक्लो हुने वा एकै कोठामा धेरै जना रहने हुँदा मंकीपक्स संक्रमण एकअर्कामा सर्न सक्ने जोखिम उच्च हुन्छ । विशेषगरी एमपक्स संक्रमण पहिचान हुन ढिलो भएमा धेरै मानिस एकै ठाउँमा काम गर्दा वा सँगै बस्दा सर्ने सम्भावना बढी हुन्छ ।

चिकित्सकका अनुसार मंकीपक्स भएका केही सामान्य लक्षण मात्रै देखिन सक्छ । जसका कारण नेपाल फर्केका व्यक्तिहरू सिधै अस्पताल नजाने सम्भावना रहन्छ । यसले नेपालमा रोग भित्रिएर भित्रभित्र फैलिने सम्भावनालाई एकदम खुला बनाएको छ । उनका अनुसार यस्ता जोखियुक्त क्षेत्रमा गएर यौनसम्पर्क गरेका व्यक्तिबाट कोठामा बस्ने अन्य साथीलाई संक्रमण सर्ने जोखिम र हन्छ ।

कोठामा सँगै बस्दा थुकको छिटा, प्रयोग गरेको वस्तु र सामग्री हुँदा, खाने र भाँडाकुँडा साझा गर्दा र संक्रमित व्यक्तिको ओछ्यान, तौलिया वा लुगा प्रयोग गर्दा संक्रमण सर्ने जोखिम रहन्छ । डा. पुनले जिका भाइरसको जस्तै मंकीपक्स पनि वीर्यबाट सर्ने सम्भावना रहेको बताए । उनका अनुसार उपचारपछि पनि ३ महिनासम्म असुरक्षित यौन सम्पर्क नगर्न सल्लाह दिइन्छ ।

सरकारलाई यस विषयमा गम्भीर रूपमा सोचेर मंकीपक्स जोखिम ठाउँमा जाने व्यक्तिलाई कम्तीमा केही समयको ओरिएन्टेसन कक्षा दिनुपर्ने डा. पुनको सुझाव छ । 'केही विकसित देशले आउट ब्रेक भएका देशका लागि ट्राभल एडभाइजरी जारी गर्छन् । नेपालले पनि जोखिम क्षेत्रमा जाने नेपालीलाई जानकारी दिनुपर्छ । यसले गर्दा उनीहरू संक्रमणबाट जोगिने सम्भावना न्युन हुन्छ,' डा. पुन भन्छन् ।

विदेशी रोजगारीमा जाने नेपालीको सुरक्षाका लागि व्यापक रणनीति आवश्यक रहेको विज्ञ बताउँछन् । 'यसरी संक्रमण देखा पर्नुले आउट ब्रेक हुने संकेत गर्छ । मंकीपक्स नियन्त्रणका लागि सरकारले गम्भीर भएर रणनीति बनाउन आवश्यक छ,' डा. पुनले भने । मंकीपक्स पुष्टि भए समाजमा आफूलाई हेर्ने नजर नकारात्मक होला भनेर परीक्षणको लागि आउने सम्भावना पनि न्यून भएकाले यौन क्रियाकलापमा संलग्न हुनेलाई मात्र हुन्छ भन्ने भ्रम पनि चिर्नुपर्ने डा. पुन बताउँछन् ।

**१० संक्रमितमध्ये एकको मृत्यु**

चिकित्सकका अनुसार एमपक्स मंकीपक्स भाइरसबाट हुने एक किसिमको सरुवा रोग हो । एमपक्स मानिसबाट मानिसमा वा जनावरबाट मानिसमा सर्ने गर्छ । यो पोक्सभिरिडे परिवारको अर्थोपक्स भाइरस जिनस अन्तर्गत पर्ने डबल स्ट्रन्डेड डीएनए भाइरस हो । मंकीपक्सका लक्षण बिफरसँग मिल्दाजुल्दा हुन्छन् । यद्यपि, बिफरको तुलनामा मंकिपक्स कम गम्भीर र विरलै घातक हुन्छ ।

विश्वव्यापी बिफर खोपको अन्त्यपछि मंकीपक्स मध्य, पूर्वी र पश्चिम अफ्रिकामा निरन्तर रूपमा देखा परिरहेको छ । मंकीपक्सले २०२२-२०२३ मा विश्वव्यापी प्रकोपको रूप लिएको छ । तर यो भाइरसको प्राकृतिक भण्डार अज्ञात छ । विभिन्न साना स्तनपायी जनावर लोखर्के, बाँदरबाट भाइरस सर्ने गर्छ । मंकीपक्सका लक्षण सामान्यतया २ देखि ४ हप्तामा हराएर जान्छन् । बच्चामा भने गम्भीर समस्या देखा पर्न सक्छ । रोगको गम्भीरता भाइरस संक्रमणको मात्रा, बिरामीको स्वास्थ्य स्थिति र जटिलताको प्रकृतिसँग सम्बन्धित हुन्छ । यसले कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसमा गम्भीर समस्या निम्त्याउन सक्छ ।

चिकित्सकका अनुसार संक्रमण भएको ५ देखि २१ दिनसम्ममा 'मंकीपक्स' को लक्षण देखिने गर्छ । ज्वरो आउनु, टाउको र जीउ दुख्नु, जाडो लाग्नु, लिम्फ ग्रन्थीहरू सुन्निनु यसका प्रारम्भिक लक्षण हन् । यस्तो लक्षण देखिएको १ देखि ३ दिनसम्ममा अनुहार तथा शरीरका अन्य भागमा बिमिराहरू देखिन थाल्छन् र चिलाउँछन् । पछि पानी फोका हुँदै, फुट्दै, सुक्दै जान्छन्, तर दाग बसिरहन सक्छ । मंकीपक्सका गम्भीर बिरामीमा सेकेन्डरी इन्फेक्सन, ब्रोन्कोनिमोनिया, सेप्सिस, इन्सेफलाइटिस र कर्नियाको संक्रमणले दृष्टि गुम्ने समेत हुनसक्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार यो रोगको मृत्युदर ११ प्रतिशतसम्म पनि पुग्छ । साना बालबालिकामा मृत्युदर उच्च रहेको छ । हालको समयमा मृत्युदर लगभग ३।६ प्रतिशत छ । झन्डै १० संक्रमितमध्ये एकको भने जटिलताको कारणले मृत्यु हुने देखिएको संक्रामक रोग विशेषज्ञहरू बताउँछन् । एमपक्स शंका वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने, संक्रमित व्यक्तिलाई घर वा अस्पतालमा आइसोलेसनमा राख्ने, संक्रमित व्यक्तिको हेरचाह गर्ने तथा पूर्ण रूपमा जनस्वास्थ्यको मापदण्ड पालना गर्नुपर्छ । सामान्यतया यो आफैं ठिक भएर जाने भाइरल रोग भएकाले विशेष उपचार छैन । बिरामीलाई पर्याप्त पोषण स्थिति कायम राख्न तरल पदार्थ र पौष्टिक खाना खुवाउने तथा माध्यमिक ब्याक्टेरिया संक्रमण (सेकेन्डरी ब्याक्टेरिया संक्रमण) संकेत अनुसार उपचार गरिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सुर्खेतमा 'सतीदेवी'को विशेष शो



काठमाडौं/गत वर्ष प्रदर्शनमा आएको फिल्म 'सतीदेवी' व्यावसायिक रुपमा सफल हुन नसकेको भए पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया मिलेको थियो । यही कारण हल रिलिजपछि विभिन्न संघ-संस्थाहरुले फिल्मको विशेष शो आयोजना गरिरहेका छन् । यसैबीच, शनिबार सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगरमा आयोजित 'कर्णाली नारी सम्मान-०८२' समारोहमा पनि फिल्म देखाइएको छ ।

लक्ष्मी चलचित्र मन्दिरमा आयोजित विशेष शोमा कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेल, प्रदेशकी जलस्रोत तथा उर्जा विकास मन्त्री विजया बुढा, वीरेन्द्रनगर नगर पालिकाकी प्रमुख मोहनमाया ढकाल (भण्डारी)सहित चार सयभन्दा बढी स्थानीयको उपस्थिति रहेको थियो । फिल्म हेर्ने क्रममा अधिकांश दर्शक भावुक भएका थिए । केही महिलाहरु भक्कानिएर समेत रोएको जनाइएको छ ।

वीरेन्द्रनगर नगरपालिकाकी मेयर ढकालले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै फिल्म हेरेपछि मन गह्रुङ्गो भएको बताएकी छन् । उनले लेखेकी छन्, 'फिल्म हेरेपछि मन गह्रुङ्गो भयो । भावुक भएँ । महिलाले भोगेका समस्या, समाजमा गरिने व्यवहार, छोरीहरुले भोग्नुपरेका चुनौती सबैलाई नजिकबाट महसुस गरायो । फिल्म सकिएपछि उठ्न नै सकिएन, एकछिन मौन भएर बस्न मन लाग्यो ।'

उनले फिल्म उत्कृष्ट लागेको भन्दै सिक्वेलमा छोरीहरुको सफलताको कथा ल्याउन निर्देशकलाई आग्रह गरेकी छन् । उनले अगाडि लेखेकी छन्, 'फिल्ममा 'टू वी कन्टिन्यू' लेखिएको थियो । विजया बुढा (मन्त्री) र मैले निर्देशक भाईलाई 'अब संघर्षको मैदानमा उत्रिएका छोरीहरूको सफलताको कथा आउनुपर्छ है' भन्यौं । निर्देशकले मुसुक्क हाँसेर टाउको हल्लाउँदै सहमति जनाउनुभयो ।'

निर्देशक सुवेदी स्वयंको लेखन रहेको 'सतीदेवी'मा मलिका महतको शीर्ष भूमिका छ भने सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, बाल कलाकारहरू हर्षिका वली, मञ्जिला बानियाँ लगायतको पनि अभिनय रहेको छ । फिल्मलाई यस वर्ष रि-रिलिज गर्ने योजनामा निर्देशक सुवेदी छन् । फिल्मले अंश र वंश धान्न छोरा नै चाहिन्छ भन्ने पितृसत्तात्मक सोचप्रति प्रश्न गरेको छ ।

# म आफूलाई 'स्टार' मान्दिनँ : वर्षा सिवाकोटी



काठमाडौं/गत शुक्रबार फिल्म 'माग्ने राजा'को पोस्टर सार्वजनिक कार्यक्रममा अभिनेता केदार घिमिरे 'माग्ने बुढा'को पारिश्रमिकबारे निर्माताले खुलासा गरेपछि त्यसले फिल्म क्षेत्रमा नै तरंग ल्याएको छ । उनलाई फिल्मका लागि ६१ लाख पारिश्रमिक दिएको निर्माता मुनाल घिमिरेको दाबी छ । तर, यही फिल्ममा केदारको जोडी भएर काम गरेकी अभिनेत्री वर्षा सिवाकोटीको पारि श्रमिक भने खुलाइएन ।

केदारको पारिश्रमिक गर्वसाथ भन्न सक्ने निर्माताले वर्षाको पारिश्रमिक खुलाउन नचाहनुको पछाडि एउटै कारण छ, 'केदारभन्दा आधा कम पारिश्रमिक पनि वर्षालाई दिइएको छैन ।' त्यसो त नेपाली अभिनेत्रीहरूको यो नियति नै बनिसकेको छ । कथित 'स्टार' (पुरुष कलाकार)का लागि पारि श्रमिकमै आधा करोड खर्चिने निर्माताहरूले अभिनेत्रीलाई दिने बेलामा भने मुठ्ठी कस्ने गरेका छन् ।

'माग्ने राजा'को पोस्टर सार्वजनिक कार्यक्रममा केदारको पारिश्रमिकबारे चर्चा भइरहँदा पत्रकारले वर्षालाई सोधेका थिए, 'महिला कलाकारहरूले महँगो पारिश्रमिक लिएको चर्चा चाहिँ किन हुँदैन ?' यसको जवाफमा उनले नेपालमा मात्र नभइ यो अवस्था विश्वमै रहेको तर्क गरिन् । महिला कलाकारहरूले पारिश्रमिकभन्दा कामलाई सबैभन्दा बढी महत्व दिएको हुनसक्ने उनको विश्लेषण छ ।

वर्षा भन्छिन्, 'नेपाली फिल्म क्षेत्रमा मात्र होइन, विश्वमै जति पनि पारिश्रमिकको समाचार आउँछ, त्यो पुरुष कलाकारहरूकै बढी आउने गर्छ । पारिश्रमिकको विषयमा त्यतिधेरै महिला कलाकारले कुरा राख्नुभएको छ जस्तो पनि लाग्दैन । सायद त्यो महत्त्वपूर्ण नठानेको पनि हुनसक्छ । हाम्रो लागि पारिश्रमिकभन्दा अभिनय, अवसर र टिमवर्क पो ठूलो हो कि ! त्यो कारणले पनि हुनसक्छ ।'

आफूले पैसाका लागि कहिल्यै फिल्म नगरेको वर्षाको भनाइ छ । न त पारिश्रमिकबारे खुलासा गर्न मनपर्ने उनी बताउँछिन् । भन्छिन्, 'फिल्ममा कति पैसा लिएँ भनेर मलाई बोल्नै मन लाग्दैन । मैले पैसाका लागि फिल्म गरेको पनि छैन । मैले आजसम्म कुनै मेकरसँग पैसाको डिमान्ड गरेको छैन । यति र उति लिएँ पनि भनेको छैन । 'माग्ने राजा'मा मैले जति पाएको छु, त्यसमा खुसी छु ।'

कार्यक्रममा उनलाई पत्रकारले अर्को प्रश्न गरे- 'जति पारिश्रमिक पाइरहनुभएको छ, त्यो हिसाबले आफूलाई 'स्टार' मान्नुहुन्छ ?' उनले तुरुन्तै जवाफ फर्काइन्, 'म आफूलाई 'स्टार' मान्दिनँ । म राम्रो कलाकार हुन प्रयास गरिरहेको छु ।

'स्टार' के हो भन्ने मलाई थाहै छैन । र, यो 'ट्याग' कसले र किन दिन्छ भन्ने पनि थाहा छैन । कसैलाई पैसाले त कसैलाई अभिनयले 'स्टार' बनाएको होला ।'

# होरा इस्पोर्ट्स पब्जी मोबाइलको वर्ल्डकपमा छनोट




काठमाडौं/नेपाली पब्जी मोबाइल टिम होरा इस्पोर्ट्स आगामी महिना साउदी अरेबियामा हुने पब्जी मोबाइल वर्ल्ड कप (पीएमडब्लुसी) मा छनोट भएको छ । काजखस्तानमा आइतबार सम्पन्न पीएमएसएल सिएसए (सेन्ट्रएल एण्ड साउथ एसिया) को दोस्रो स्थानमा रहँदै होराले पब्जीको विश्वकपमा स्थान बनाएको हो ।

इस्पोर्ट्स विश्वकप आगामी जुलाई ८ देखि अगष्ट २४ सम्म साउदीको रियादमा हुँदैछ । जहाँ पब्जी मोबाइलको विश्वकप जुलाई २५ देखि अगष्ट २३ सम्म हुनेछ । त्यसमा नेपालबाट होरा इस्पोर्ट्सले प्रतिनिधित्व गर्नेछ । काजखस्तानमा भएको पीएमएसएस सिएसमा नेपालमा होरासहित डिआर एस गेमिङ र ट्राइम एरोमेसी गरी तीन टिमले सहभागिता जनाएको थियो । पहिलो चरणमा कूल २० टिमले प्रतिस्पर्धा गरेकोमा नेपालको तीन टिमसहित १६ टिम अन्तिम चरणमा प्रवेश गरेको थियो ।

तर नेपालबाट होरा मात्र दोस्रो हुँदै पब्जी मोबाइल विश्वकपमा पुग्न सफल भयो । अन्तिम चरणबाट ३ टिम मात्र विश्वकपमा छनोट हुने प्रावधान थियो । जसमा मंगोलियाको अल्फा गेमिङ शीर्ष स्थानमा रहँदै च्याम्पियन बन्यो । एपीजीले १७० अंक जोड्यो । दोस्रो भएको होराले १३९ अंक जोड्यो । यस्तै पाकिस्तानको फोर थ्राइभ इस्पोर्ट्स १३७ अंक जोडेर तेस्रो भयो । एपीजी, होरा र फोर थ्राइभ तीन टिम पब्जी मोबाइल विश्वकपमा छनोट भए ।

नेपाली टिम एएसटी दसौं र डिआरएस भने ११औं भयो । एटिएसले ९७ र डिआरएसले ९४ अंक जोड्यो । नेपालबाट डिआरएस गेमिङले यसअघि पब्जी मोबाइलको ग्लोबल च्याम्पियनसिप खेल्दै दोस्रो स्थान हात पारेको थियो । सन् २०२२ मा इन्डोनेसियामा भएको उक्त प्रतियोगितामा डिआरएस दोस्रो भएको हो । जुन नेपाली पब्जी इतिहासमा सबैभन्दा ठूलो सफलता हो ।

पब्जी मोबाइल विश्वकपमा विश्वभरका उत्कृष्ट २४ टिमले प्रतिस्पर्धा गर्नेछन् । पब्जी मोबाइलको कुल प्राइज पुल ३० लाख अमेरिकी डलर रहेको छ। २४ टिमलाई तीन समूहमा विभाजन गरेर समूह चरणको प्रतिस्पर्धा गराइनेछ । यसबाट शीर्ष ८ टिम सिधै ग्राण्ड फाइनलमा प्रवेश गर्नेछन् । यस्तै बटमका १६ टिमले दोस्रो स्टेजमा सर्भाइभल राउण्डमा प्रतिस्पर्धा गर्नेछन् ।

सर्भाइभल स्टेजबाट पनि शीर्ष ८ टिम ग्राण्ड फाइनलमा पुग्नेछन् । ग्राण्ड फाइनलमा कूल १६ टिमले प्रतिस्पर्धा गर्नेछ र सबैभन्दा धेरै अंक जोड्ने टिम पब्जी मोबाइल च्याम्पियन बन्नेछ । इस्पोर्ट्स वर्ल्ड कपको ब्राण्ड एम्बासडरमा फुटबल स्टार क्रिस्टियानो रोनाल्डो नियुक्त भइसकेका छन् । जसले गर्दा इस्पोर्ट्स वर्ल्डकपको चर्चा समेत बढेको छ ।

इस्पोर्ट्स विश्वकपमा ७० मिलियन अमेरिकी डलर भन्दा धेरै पुरस्कार राशी रहेको छ । अघिल्लो पटक पुरस्कार राशी ६२.५ मिलियन अमेरिकी डलर थियो । यस पटक इस्पोर्ट्सको पब्जी मोबाइल सहित विभिन्न २५ खेलको २६ इभेन्टमा प्रतिस्पर्धा हुनेछ ।

होरा इस्पोर्ट्सका मालिक सन्जन गौतम अर्थात् 'सिआर सेभेन होरा'ले पब्जी मोबाइलको विश्वकपमा पुग्नु ठूलो उपलब्धि भएको बताए । 'अन्तिम चरणमा दोस्रो भयौं । तर विश्वकप पुग्नु पनि ठूलो कुरा हो' उनले भने । 'सुरुमा टप थ्री मै पर्ने लक्ष्य थियो । तर फाइनल राउण्डको दुई खेल हेर्दा च्याम्पियन बन्ने चान्स पनि थियो । दोस्रो भयौं' गौतमले भने, 'यसबाट धेरै कुराहरु सिकियो । केटाहरुले राम्रो खेल्यो ।'

# दैलेखको ग्याँस एक वर्ष भित्र उपयोगमा ल्याउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओलीले दैलेखमा भेटिएको ग्याँस एक वर्षभित्रै उपयोगमा ल्याउने गरी छिटो परीक्षण उत्पादन सुरु गर्न निर्देशन दिएका छन् । त्यसका लागि आवश्यक बजेट र सहजीकरणमा सरकारबाट कमी नहुने बचन पनि प्रधानमन्त्री ओलीले दिएका छन् ।

दैलेखमा भेटिएको ग्याँसका विषयमा आज उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सम्बन्धित निकायका अधिकारीहरुसँग ब्रिफिङ लिँदै प्रधानमन्त्री ओलीले सो कुरा बताएका हुन् । दैलेखको भैरवी गाउँपालिकाको जलजलेमा ड्रिल गरेर अन्वेषण गर्दा ११२ अर्ब घनमिटर प्राकृतिक ग्याँस भएको पत्ता लागेको प्रारम्भिक प्रतिवेदन चाइना जियोलोजिकल सर्भेले उद्योग मन्त्रालयलाई दिएको थियो । यस सम्वन्धी समाचार संचार कर्मी डटकमले गत विहीबार नै सार्वजनिक गरेको थियो ।

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न ग्याँस अन्वेषण कार्यको नतिजा एवं भावी कार्यदिशाबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी सहित मन्त्रालय र खानी विभागका अधिकारीहरुले प्रधानमन्त्री ओलीलाई आइतबार अवगत गराएका थिए ।

उद्योग मन्त्री भण्डारीले चिनियाँ प्राविधिक टोलीले ड्रिल गरेको ठाउँबाट नेपाललाई ५० वर्षसम्म पुग्ने प्राकृतिक ग्याँस रहेको पुष्टि भएको बताएका थिए । प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा अधिकारीहरुले दैलेखमा एक ठाउँ गरिएको ड्रिल साइटमा ११२ दशमलव १ अर्ब घनमिटरको प्राकृतिक मिथेन ग्याँसको भण्डार देखिएको र अन्य क्षेत्रमा पनि ग्याँसको भण्डार रहेको अनुमान गरिएको अवगत गराएका थिए ।

त्यसबाट उत्साहित प्रधानमन्त्री ओलीले एक वर्षभित्र उपयोगमा ल्याउन सकिने गरी मिथेन ग्याँसको परीक्षण उत्पादनमा गम्भीर तापूर्वक लाग्न निर्देशन दिएको भेटमा सहभागी एक अधिकारीले बताए । त्यसका लागि उनले आवश्यक बजेट र सहजीकरणमा सरकारबाट कमी नहुने स्पष्ट पनि पारेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

**धौबादीमा १०० वर्षका लागि पुग्ने फलाम खानी**

यसैगरी, पूर्वी नवलपरासीको धौवादी फलाम कम्पनी लिमिटेडले पूर्वी नवलपरासीमा ड्रिलिङ कार्य तथा फलाम खानीको सम्भाव्यता अध्ययन भई प्रक्रिया अघि बढिरहेको विषयमा पनि प्रधानमन्त्री ओलीलाई अवगत गराइएको थियो ।

आगामी एक सय वर्षका लागि पुग्ने करिब ९९ मिलियन टन फलामको धाउ भण्डार उत्खनन् गर्न सकिने कम्पनीले जानकारी गराएको छ । नियमित प्रक्रियाबाट २०८५ सालभित्रमा फलाम/स्टिल उत्पादन गर्न सकिने कम्पनीको प्रस्तुति थियो । प्रधानमन्त्री ओलीले २०८५ साल अघि नै फलाम/स्टिल उत्पादन गरी बिक्री र उपयोगमा ल्याउने गरी तयारी गर्न निर्देशन दिएका थिए । सो कार्यका लागि स्रोत, साधन र कानुनी सहजीकरणका लागि सरकारले सबै प्रबन्ध गर्ने प्रधानमन्त्री ओलीले स्पष्ट पारे । छलफलमा प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, दैलेखका सांसद्हरु लगायत सहभागी थिए ।

# 'प्रेमगीत ३'का मनिष राउतले अभिनय छाडेका हुन् ?

काठमाडौं/फिल्म 'प्रेमगीत ३'बाट डेब्यु गरेका अभिनेता हुन्, मनिष राउत । तर, यो फिल्म सफल भए पनि उनी चर्चामा आउन सकेनन् । यसपछि उनले आफ्नै निर्देशनमा 'शमशेर' बनाउने घोषणा गरेका थिए । तर, यो फिल्म बन्नै सकेन । निर्देशक बन्ने सपना पूरा नभए पनि उनले एसोसिएट निर्देशक (निर्देशकको सहायक) भएर फिल्म 'जनै हराएको मान्छे: सम्बन्धका धागाहरु'मा काम गरेका छन् ।

यो फिल्ममा मनिष एसोसिएट निर्देशक मात्रै हुन्, अभिनय गरेका छैनन् । यसैले उनले अब अभिनय नै छाडेका त होइनन् भन्ने प्रश्न उब्जिएको छ । यसबारेमा उनले भनेका छन्, 'मैले अभिनय छाडेको छैन । निर्देशन पनि क्रिएटिभ काम नै हो । अभिनय त गरेँ, अब निर्देशनमा पनि विस्तारै अनुभव बटुल्दै जाउँ भन्ने सोच हो । यसैले अभिनय र निर्देशनलाई सँगैसँगै अगाडि बढाउन खोज्दैछु ।'

अभिनयमा सहयोग पुग्ने सोचले निर्देशनको अनुभव बटुल्न लागेको उनको भनाइ छ । 'निर्देशन गर्ने चाहना हरेक अभिनेताको हुन्छ । यसैले अभिनय र निर्देशनलाई सकेसम्म सँगै अगाडि बढाउन खोजेको हुँ । आगामी दिनमा मलाई अभिनयमा पनि देख्न पाइनेछ,' उनले भने । 'जनै हराएको मान्छे'को टिम र कथा एकदमै राम्रो भएकाले यसमा फरक विभागमा रहेर काम गरेको मनिषले बताए ।

आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा विजय बराल, भोलाराज सापकोटा, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, रियर राई, भावना खपांगी मगर, रुपेश लामा लगायतको अभिनय रहेको छ । हिमाल न्यौपानेको निर्देशनमा तयार भएको फिल्मका निर्माताहरुमा कमल न्यौपाने र विमल न्यौपाने रहेका छन् । यसमा नवीन गुरुङको डीओपी छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मनहरीको ९ सामुदायिक माविमध्ये ७ वटामा विद्यालय नर्स

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मनहरी गाउँपालिकाको ७ वटा सामुदायिक विद्यालयमा एक विद्यालय, एक नर्स कार्यक्रम लागु गरिएको छ ।

प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य निर्देशनालय मार्फत कार्यक्रम सुरु गरिएको हो । मनहरी गाउँपालिकामा रहेका ३२ वटा सामुदायिक विद्यालयमध्ये ७ वटा विद्यालय यो कार्यक्रमका लागि छनोटमा परेका हुन् । तीमध्ये बालजीवनज्योति मावि, महेन्द्रज्योति मावि, पशुपतिनाथ मावि, महेन्द्र किरण मावि र राष्ट्रिय मावि सुनाचुरीमा नर्स खटाइएको छ भने बाँकी दुई विद्यालयमा नर्सको दर्बन्दी रित्त रहेको छ । रित्त रहेका विद्यालयमा पनि चाँडै नर्स पठाउने तयारी भइरहेको छ ।



गाउँपालिकाका शिक्षा अधिकृत प्रदीप पराजुलीका अनुसार पालिकाभित्र अध्ययनरत ८ हजार भन्दा बढी विद्यार्थीलाई लक्षित गर्दै करार सेवामा विद्यालय नर्स खटाइएको हो । विद्यालय नर्स कार्यक्रमले विद्यार्थीको स्वास्थ्य अवस्था जाँच, छात्रालाई स्यानिटरी प्याड वितरण, महिनावारी स्वच्छताका बारेमा जानकारी दिने लगायत कार्य गर्दै आइरहेको छ । विद्यालयमै नर्स उपलब्ध हुँदा विद्यार्थीले सामान्य स्वास्थ्य समस्या, महिनावारीका कुरा लगायत समस्या विद्यालयमै समाधान हुँदा खुशी व्यक्त गरेका छन् ।

नर्सहरुले नियमित स्वास्थ्यपरीक्षण, सानातिना उपचार र परामर्श सेवाले विद्यालयमा विद्यार्थीको उपस्थिति पनि बढ्न थालेको छ । स्वास्थ्य समस्याका कारण विद्यालय छुटाउने विद्यार्थीको संख्या घट्दै गएको छ । प्रदेशको ८ सय भन्दा बढी माध्यमिक विद्यालयमा नर्सिङ सेवाको पहुँच पुगेको छ । विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुराका साथै स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्दै स्वास्थ्य, सरसफाइ र पोषण प्रवर्द्धन गर्न विद्यालयमा नर्स राखिएको हो ।

प्रदेशको ८ सय ४८ माध्यमिक विद्यालयमा नर्सिङ सेवा उपलब्ध छ । प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशका १३ जिल्लाका १ सय १९ वटै पालिकालाई विद्यालय नर्स कार्यक्रमले समेटेको छ । सहरी क्षेत्रदेखि ग्रामीण भेगका माध्यमिक विद्यालयमा करार सेवामा नर्स नियुक्त गरी खटाइएको मन्त्रालयले जनाएको छ । किशोर-किशोरीको यौन तथा प्रजननस्वास्थ्य सुधारलाई मध्यनजर गर्दै तत्कालीन सरकारले २०७५ बाट 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

पहिलोचरणमा छनोट गरिएका १३ जिल्लाका २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको तत्कालीन सामाजिक विकास मन्त्रालयले 'एक प्रदेश एक नर्स' कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको थियो ।

# '२५ मिटरको अन्यौलताको कारण ट्राफिक व्यवस्थापन अव्यवस्थित भयो'

## ट्राफिकसचेतना अभिवृद्धिका लागि ट्राफिकशिक्षक प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक सचेतना अभिवृद्धिका लागि ट्राफिक शिक्षक प्रशिक्षण प्रदान गरिएको छ ।

समुदाय-प्रहरी साझेदारी अन्तर्गत हेटौंडा उपमहानगर पालिकासँगको सहकार्यमा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले संस्थागत र सामुदायिक विद्यालयका शिक्षकलाई प्रशिक्षण दिएको हो । प्रशिक्षणमा हेटौंडा उपमहानगर भित्रका संस्थागत र सामुदायिक गरी १ सय २० वटा विद्यालयका प्रतिनिधि शिक्षकको सहभागिता रहेको थियो । प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले २५ मिटर सडक विस्तारको अन्यौलताको कारण हेटौंडा बजारको ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको बताइन् । उनका अनुसार हेटौंडामा २५ मिटर सडक विस्तार अब छिट्टै हुनेछ ।

२५ मिटर सडक विस्तार पछि ट्राफिक व्यवस्थापन चुस्तरुपमा हुने उनको भनाई छ । हेटौंडा नगर क्षेत्रको ४ किलोमिटरमा मुआब्जा विवाद रहेको बताउँदै अन्यायमा परेकालाई मुआब्जा दिएर भएपनि सडक विस्तार कार्य सुरु गरिने उनले बताइन् । नगरप्रमुख लामाले आगामी नीति कार्यक्रम तथा बजेटमा शिक्षाक्षेत्रलाई प्राथमिकतामा राखिने उल्लेख गरिन् । प्रदेश प्रहरीप्रमुख डिआईजी अरुण पौडेलले शिक्षक ट्राफिक कार्यक्रमलाई बागमती प्रदेशको नमूना कार्यक्रमका रुपमा हेरिएको बताएका छन् ।

देशभर नै सवारी दुर्घटनाको आँकडा हेर्दा भयावह बन्दै गएकोमा उनले चिन्ता व्यक्त गरे । देशको बाटोघाटोको अवस्था, ट्राफिक नियमको पालना नगर्दा, लागूपद्धार्थ सेवन, तीव्ररुपमा सवारी चलाउँदा दुर्घटना बढेको उनले बताए । आफूले सिकेका ज्ञान परिवार र समाजमा फैलाउने हुँदा विद्यार्थीलाई सवारी नियम, ट्राफिक सचेतना दिने उद्देश्यले शिक्षकलाई तालिम प्रदान गरिएको उनले उल्लेख गरेका छन् । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठले वर्तमान पैदलयात्री भोलिका सवारी चालक बन्ने भएकाले कक्षा ८, ९ र १० मा अध्ययनरत बालबालिका लक्षित कार्यक्रम सञ्चालनको तयारी भइरहेको बताइन् ।

प्राकृतिक प्रकोप रोक्न नसकिए पनि सडक दुर्घटना न्यूनीकरण गर्न सकिने उनको धारणा थियो । कार्यक्रममा ट्राफिक विद्यालय समन्वयकर्ता कञ्चन शर्मालाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो । गत आर्थिक वर्षमा मकवानपुरमा ३ सय ७१ सवारी दुर्घटना हुँदा ४५ जनाले ज्यान गुमाएको मकवानपुरका ट्राफिक प्रहरीप्रमुख बच्चुराम फुयाँलले जानकारी दिए ।

# राक्सिराङमा टुङ्ना तथा डम्फु प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मौलिक सँस्कृतिहरु लोप हुँदै जान थालेपछि त्यसको संरक्षण र प्रबर्द्धनमा राक्सिराङ गाउँपालिकाले लगानी थालेको छ ।

गाउँपालिकाको आयोजनामा १५ दिने टुङ्ना तथा डम्फु प्रशिक्षण सुरु गरिएको हो । तामाङ समुदायको मौलिक बाजा टुङ्ना तथा डम्फु बनाउने प्रचलन हराउँदै गएपछि त्यसको संरक्षणका लागि प्रशिक्षण आयोजना गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । उनले नयाँ पुस्तामा ज्ञानको अभाव हुदाँ मौलिक कला सँस्कृति लोप हुने अवस्थामा पुगेकाले यस्ता प्रशिक्षण प्रभावकारी हुने विश्वास ब्यक्त गरेका छन् ।

गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले तामाङसँग तामाङ थर मात्र बाँकी रहने अवस्था आएकाले स्थानीय तह गम्भीर भएर मौलिकता संरक्षणमा लागिपरेको बताएका छन् । उनले बहुसंख्यक तामाङ चेपाङ बसोबासी रहेको र ाक्सिराङमा यी समुदायको मौलिक गीतसंगीत, भाषा, भेषभुषा लोप हुँदै गएपछि त्यसको संरक्षणमा गाउँपालिका जुर्मुराएको उल्लेख गरे । कार्यक्रममा बागमती प्रदेशका पूर्वसांसद ओम घलानले गाउँपालिकाले रैथाने सँस्कृति संरक्षणका लागि प्रशंसनीय काम गरेको बताए ।

कार्यक्रममा वडाअध्यक्ष उत्तम वाइबा, तामाङ पत्रकार संघ बागमती प्रदेशका अध्यक्ष ज्ञानेन्द्र तामाङ, सञ्चारकर्मी शिवकुमार काशीलगायतले मौलिक संस्कृति संरक्षणमा नयाँपुस्ता गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए । त्यसमा स्थानीय सरकारले सहयोग गर्नु सुखद रहेको उनीहरुको भनाई छ । गाउँपालिकाले मनहरीमा रहेको एकेडेमिक अर्थ इन्स्टिच्युटसँगको सहकार्यमा १५ दिने प्रशिक्षण आयोजना गरेको हो । प्रशिक्षणमा छेवाङ छिरिङ लामाले डम्फु तथा टुङ्ना बजाउन प्रशिक्षण दिनेछन् । प्रशिक्षणमा राक्सिराङका सबै वडाबाट झण्डै ५० जना प्रशिक्षार्थी सहभागी हुने आयोजकले जनाएको छ ।

# हेटौंडाको होटलबाट लागुऔषधसहित ३ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडामा रहेको एक होटलबाट लागूऔषधसहित मकवानपुर प्रहरीले तीनजनालाई पक्राउ गरेको छ ।

हेटौंडा-१० स्थित सेन्टर प्वाइन्ट होटलको कोठा नम्बर १०४ बाट लागूऔषधसहित ३ जनालाई पक्रेको हो । पक्राउ पर्नेमा हेटौंडा-७ का २० वर्षीय सुकलाल स्याङ्तान र १८ वर्षीय विशाल गोले तथा पर्साको वीरगञ्ज महानगरपालिका-२१ बस्ने २२ वर्षीय सुरेश पाण्डे रहेका छन् ।

प्रहरीले उनीहरुको साथबाट लागुऔषध नाइट्राभेट ८४ ट्याब्लेट, ट्रामान १० क्याप्सुल, नुफिन ३ एम्पुल, फेनार्गन ३ एम्पुल र डाइजेपाम ३ एम्पुल फेला पारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

होटलबाट लागुऔषध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा प्रहरीचौकी बसपार्कबाट खटिएको प्रहरी टोलीले होटलको कोठा तथा उनीहरुको शरीर खानतलासीको क्रममा लागुऔषध फेला पारेको हो । कोठाभित्र रहेको पलङको सिरानीमुनि लुकाएर राखेको अवस्थाको लागुऔषधसहित तीनैजनालाई नियन्त्रणमा लिएको डीएसपी अर्यालले बताए ।

लागूऔषधसहित पक्राउ परेका सुकलाल स्याङ्तान, विशाल गोले र सुरेश पाण्डेलाई जिल्ला अदालत मकवानपुरबाट लागुऔषध मुद्दामा ५ दिनको म्याद अनुमति लिएर आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

# सहकारी ब्यवस्थापन तथा सुदृढीकरण तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुर जिल्ला सहकारी संघको आयोजना एवम् बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहयोगमा दुईदिने सहकारी ब्यवस्थापन तथा सुदृढीकरण तालिम हेटौंडामा सुरु भएको छ ।

जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको अध्यक्षतामा सुरु भएको तालिम उद्घाटन समारोहका प्रमुखअतिथि बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठले सहकारीले पूरा गर्नुपर्ने दायित्व इमान्दारितासाथ पूरा गर्नुपर्ने बताए ।

मन्त्री श्रेष्ठले सहकारीका कारण रोजगारीको सृजनासँगै सदस्यलाई आत्मनिर्भर बन्न सहयोग गरेको बताए । मन्त्री श्रेष्ठले सहकारीका उत्पन्न समस्या समाधानको लागि प्रदेश सरकार लागिरहेको बताए ।

कार्यक्रममा मकवानपुर प्रदेश सहकारी संघका संचालक तथा जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष रामहरि न्यौपाने, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी उपाध्यक्ष मीना चौरेल, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका संचालक इन्द्रप्रसाद खतिवडा, जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरकी उपाध्यक्ष शर्मिला डंगोल, सहकारी तथा गरिबी निवारण मन्त्रालयकी बजेट, योजना तथा अनुगमन शाखाप्रमुख शर्मिला सिजापती लगायतको आतिथ्यता रहेको थियो ।

सोमबारसम्म संचालन हुने तालिममा मकवानपुर जिल्लाका सहकारी संघ, संस्थाका संचालक समिति तथा लेखा समितिका पदाधिकारी र कर्मचारी गरी ४० जनाको सहभागिता रहेको छ । तालिमलाई सहकारी प्रशिक्षक नवराज खनालले सहजीकरण गर्नेछन् ।

# मधुसुदन-रोशनको जोडीलाई ब्याडमिन्टनको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/थाहा नगरपालिकामा सम्पन्न छैटौं उपमेयरकप डबल्स मेन्स ब्याडमिन्टन प्रतियोगिताको उपाधि रोशन गोपाली र मधुसूदन चौधरीको जोडीले जितेका छन् ।

फाइनल खेलमा साविक विजेता नरेन्द्र र देवको जोडीलाई पराजित गर्दै गोपाली र चौधरीको जोडीले उपाधि जितेको हो । उपाधिसँगै उनीहरुले नगद २० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । साविक विजेताका रुपमा फाइनलमा उत्रिएका नरेन्द्र/देव उपविजेतामा सीमित भए । उनीहरुले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा उत्कृष्ट खेलाडीको उपाधि सुनिल विष्टले जिते । उनले नगद ५ हजारसहित ट्रफी प्राप्त गरे । सान्त्वना पुरस्कार सुनिल/नवीन र नरेन्द्र/इसाकको टिमले प्राप्त गरेका छन् ।

थाहा नगरपालिका-४ क्याम्पाडाँडामा रहेको कबर्डहलमा सम्पन्न प्रतियोगितामा १४ टिमले सहभागिता जनाएका थिए । समापन समारोहका प्रमुखअतिथि उपप्रमुख भरत गोपालीले विजेता र अन्य विधागत खेलाडीलाई पुरस्कार वितरण गरेका थिए । समारोहमा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, शिक्षा शाखाप्रमुख माधवविक्रम मल्ल, पालुङ भ्यालीहार्ट एकेडेमीका प्रिन्सिपल सुरेन्द्रमान प्रधान, फरक सोचका संयोजक यादवजंग रायमाझी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेलगायतको उपस्थिति रहेको थियो ।

प्रतियोगिताको संयोजन थाहा नगरपालिकाले गरेको हो भने शिखर क्लब र फरक सोच सहयोगी संस्थाका रुपमा रहेका थिए । प्रतियोगितामा प्रेस तथा सञ्चार साझेदारका रुपमा पालिका प्रेस, थाहापाटी, लालखबर, थाहा टाइम्स, टिम टिभी, बाइरोड र रेडियो दामन रहेका थिए ।

# एपीएफ क्लब र गण्डकी प्रदेश विजयी

हेटौंडा, ८ असार/ नेपाल स्पोर्ट सेन्टर (नेकोस) को आयोजनामा हेटौंडामा सञ्चालन भइरहेको राष्ट्रिय नेकोस कप महिला भलिबल प्रतियोगिताको दोस्रो दिन सशस्त्र प्रहरीको एपीएफ क्लब र गण्डकी प्रदेश विजयी भएको छ ।

एपीएफले मधेश प्रदेशलाई र गण्डकीले बागमती प्रदेशलाई हराएको हो । पहिलो खेलमा एपीएफले मधेश प्रदेशलाई २५-८, २५-११ र २५-७ को सोझो सेटमा हराउँदा गण्डकीले बागमती प्रदेशलाई २५-११, २५-१२ र २५-१९ को सोझो सेटमा पराजित गरेको हो । हेटौंडा-४ हुप्रचौरस्थित भलिबल कोर्टमा जारी प्रतियोगितामा ६ वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा पुलिस, एपीएफ, न्यू डायमन्ड, बागमतीसहित मधेश र गण्डकी प्रदेशको सहभागिता रहेको छ ।

हेटौंडामा पहिलोपटक आयोजना भइरहेको प्रतियोगिताका विजेताले ५ लाख, उपविजेताले ३ लाख, तेस्रोले १ लाख र चौथो हुने टिमले ५१ हजार रुपैयाँ नगदसहित ट्रफी प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट हुने खेलाडीले जनही ५ हजार रुपैयाँ पाउनेछन् । असार ११ सम्म हुने प्रतियोगिता लिगकम नकआउटको आधारमा सञ्चालन भइरहेको छ ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००१२३३ | विष्णु कुमार तामाङ | थाहा-०३, मकवानपुर |
| २ | PLI१५७०००१२३४ | विष्णु कुमार तामाङ | थाहा-०३, मकवानपुर |
| ३ | PLI१५७००००८४३ | लक्ष्मी बजगाई | हेटौंडा-१७, मकवानपुर |


# बकैयाको गाउँसभा असार १० गते आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ मकवानपुरको बकैया गाउँपालिकाको ११ औं गाउँसभा अधिवेशन असार १० गते मंगलबारका दिन बस्ने भएको छ ।



गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको आह्वानमा अधिवेशन गाउँपालिकाको सभाहलमा दिउँसो १ बजेका लागि तय गरिएको हो । गाउँ कार्यपालिकाको निर्णय तथा बागमती प्रदेश सरकारको गाउँसभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (१) अनुसार बोलाइएको अधिवेशनमा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरिने मुख्य एजेन्डा रहनेछ ।

गाउँसभा सदस्यहरु (अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य) लाई अधिवेशनमा अनिवार्यरुपमा उपस्थित भई सहभागी हुन प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले अनुरोध गरेका छन् । 'समृद्ध बकैया निर्माणको मूलआधार स्वास्थ्य, शिक्षा, कृषि र वातावरणमैत्री पूर्वाधार' भन्ने मूलनाराका साथ अघि बढिरहेको गाउँपालिकाले आगामी नीति तथा कार्यक्रममार्फत् स्थानीय विकासलाई अझ प्रभावकारी बनाउने तयारी गरेको जनाएको छ ।

# हेटौंडा-११ मा अर्वान रोडको स्ल्याव ढलान

साझाकुरा संवाददाता

हेटौंडा, ८ असार/ हेटौंडा उपमहानगरपालिका-११ स्थित राप्ती रिभरसाइड छेउको हेटौंडा अर्वान रोडको स्ल्याव ढलान सम्पन्न भएको छ ।



शुभप्रभात निर्माण सेवाले ४८ लाख ८३ हजार रुपैयाँ लागतमा ढलानको जिम्मा लिएको हो । बागमती प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयको बजेटमा रोड ढलान भएको इन्जिनियर पूजा घिमिरेले जानकारी दिइन् । जेठ २८ गते सम्पन्न हुने भनिएको ढलान प्राविधिक कारणले अलि ढिलो सम्पन्न भएको निर्माण कम्पनीका ठेकेदार सन्देश लामाले जानकारी दिए । ६ मिटर चौडाई, ३ सय मीटर लम्बाईको रोड ढलान भएको यातायात पूर्वाधार निर्देशनालयका योजना शाखाकी इन्जिनियर घिमिरेले बताइन् ।

स्ल्याव ढलान कार्यक्रममा हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, यातायात पूर्वाधार निर्देशनालयका ल्याव शाखा प्राबिधिक जीतकुमार चौलागाई, योजना शाखाका प्राबिधिक भुवन रावल, टोलविकास संस्था वडासमन्वय समिति हेटौंडा-११ का अध्यक्ष यज्ञबहादुर आचार्य, सिमलटार टोलविकास संस्थाका अध्यक्ष देवकृष्ण थोकर, निवर्तमान अध्यक्ष सूर्य लामा, सागरपथ टोलविकास संस्थाका अध्यक्ष सूर्यबहादुर थिङ, सामाजिक ब्यक्तित्व मधुकुमार थापामगर, सामाजिक अभियन्ता सुन्दरलाल श्रेष्ठ, इन्द्र लामालगायतको आतिथ्यता रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना